# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : ४ मिति २०८१/०७ /१०


भाग-२

## महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धि कार्यविधि,२०८१

प्रमाणीकरण मिति : २०८१/०७/०९

प्रस्तावाना :

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सृजना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुदा न. ६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ । गाउँपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमिमा महिला

सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भूमिकालाई उच्च मुल्यांकन गर्दै समुदायमा स्वास्थ्य सम्बन्धि सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्न थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) र जानकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४को दफा ४ बमोजिम जानकी गाउँपालिकाले यो कार्यविधि बनाइएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धि कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि जानकी गाउँपालिका गाउँकार्यपालिकाले पारित गरेपछि लागु हुनेछ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधिभन्नाले" महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धि कार्यविधि, २०८१ सम्झनु पर्दछ।

(ख) "छनोट" भन्नाले पहिलो पटक वा पुनः तोकिएको प्रक्रिया र विधि पुरा गरि छनोट भएको योग्य व्यक्ति सम्झनु पर्दछ।

(ग) "बिदाइ" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवम् मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ।

(घ) "स्वयंसेविका" भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनोट गरिएको, निश्चित अवधि सम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेको पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्याउने स्वयंसेवी महिला समेत सम्झनु पर्दछ।

(ङ.) "स्वास्थ्य आमा समूह" भन्नले समुदायको सहभागितामा स्थानीय स्वास्थ्य संस्थाको स्वास्थ्य कार्यकर्ताले प्रजनन् उमेरका महिलाहरुलाई समावेश गरी समुदायमा स्वास्थ्य आमा समूह गठन गर्नेछ। उक्त आमा समूहमा एक जना अध्यक्ष र आवश्यकतानुसार अन्य पदाधिकारी रहनेछन।

## परिच्छेद २
## स्वयंसेविका छनौट सम्बन्धि व्यवस्था

३. स्वयंसेविका छनोट : (१) स्वयंसेविका छनोट राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संसोधन २०७६) अनुसार देहायको प्रावधान बमोजिम हुनेछ ।

(क) तोकिएको कार्यक्षेत्रमा स्थाई बसोबास गरेको महिला हुनुपर्ने,

(ख) कम्तिमा ५ वर्ष सेवा गर्न इच्छुक रहेको प्रतिवद्धता गरेको हुनुनपर्ने,

(ग) समाज सेवा गर्ने इच्छा भएको,

(घ) २५ वर्ष उमेर पुरा भइ ४५ वर्ष ननाघेको,

(ङ.) राजनीतिमा नलागेको र कुनैपनि राजनैतिक पदमा बहाल नरहेको,

(च) कुनैपनि लाभको पदमा बहाल नरहेको,

(छ) कम्तिमा एस.एल.सी. वा एस.ई.ई. उतीर्ण गरेको,

(ज) योग्यता पुगेको महिलाले आमा समूहमा निवेदन दिए पश्चात सम्बन्धित स्वास्थ्य संस्थाको रोहबरमा स्वास्थ्य आमा समूहले स्वयंसेविका छनोट गर्नेछन्,

(२) लोपान्मुख, आदिवासी र दलित बर्गलाई प्राथमिकता दिइनेछ ।

## परिच्छेद ३
## स्वयंसेविकाको भूमिका तथा जिम्मेवारी

४. भूमिका तथा जिम्मेवारी:

(क) स्वास्थ्य आमा समूहको नियमित बैठक राख्न समूहको अध्यक्षलाई सहयोग गर्ने ।

(ख) महिला समुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले स्वास्थ्य आमा समूहको माध्यमबाट समुदायका घर घरमा स्वास्थ्य सम्बन्धि सचेतना अभिबृद्धि गर्ने तथा स्थानीय तहमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउन सूचना प्रवाह गर्नेछन ।

(ग) महिला समुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले परिवार नियोजन, खोप, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, नवशिशु स्याहार, पोषण, सरुवा तथा महामारी रोगहरु, नसर्ने रोगहरु, मानसिक स्वास्थ्य लगायतका विषयहरुमा स्वास्थ्य शिक्षा दिनेछन् । यसका अलावा स्वास्थ्य अभियानमा सहयोग गर्नुका साथै स्थानीय तहबाट तोके बमोजिम अन्य भूमिकाहरू निर्वाह गर्नेछन् ।

(घ) महिला समुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले आफूले गरेको मासिक तथा वार्षिक कार्यको विवरण सम्बन्धित स्वास्थ्य संस्थालाई तोकिएको ढाँचा र अवधिमा पेश गर्नेछन् ।

(ङ.) आवश्यकता अनुसार सेवाको उपयोगमा वृद्धि गर्नका लागि स्वास्थ्य संस्थामा प्रेषण गर्नेछन् ।

## परिच्छेद ४
## सेवा सुविधा सम्बन्धि व्यवस्था

५. सेवा तथा सुबिधा : (१) स्वयंसेविकाले कुनै किसिमको तलब भत्ता तथा अन्य सुबिधा दाबी गर्न पाउने छैनन् । सकभर सेवा सुबिधा बैंक मार्फत उपलब्ध गराइने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक संचालन, मासिक बैठकमा उपस्थिति, खोप क्लिनिक तथा गाउँ घर क्लिनिक समुदायमा सहयोग जस्ता क्रियाकलापमा उत्प्रेरणाको लागि अनुसूची १ अनुसारको सेवा सुबिधा प्रदान गरिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुबिधा उपलब्ध गराइने छैन् ।

## परिच्छेद ५
## विदाई तथा सेवा रद्द सम्बन्धि व्यवस्था

६. स्वयंसेविकाको विदाइ : (१) दफा ३ अनुसार छनोट र कार्यरत रहेका स्वयंसेविका देहायका अवस्थामा सेवा बाट विदाई हुनेछ ।

(क) राजिनामा दिएमा,

(ख) ६० वर्ष उमेर पुरा भएमा,

(ग) स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी विदाई लिएमा,

(घ) राजनैतिक एवं कुनैपनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

७. स्वयंसेविकाको सेवा रद्द गरिने: (१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्द गरिने छ :

(क) स्वयंसेवि भावना तथा आचरण बमोजिम कार्य नगरेको पाइएमा,



CS CamScanner

(ख) कानुनीरुपमा फौजदारी अभियोग लागेमा, शारीरिक असक्तताका कारण असमर्थ भएमा अनुशासन उलंघन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहिँ कतै बाट दैनिक ज्यालादारी, करार तथा स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाइएमा,

(घ) अन्यत्र बसाइसराइ गरी गएमा ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै स्वयंसेविकाले बिना सूचना ३ (तीन) महिना सम्म लगातार मासिक बैठकमा अनुपस्थित वा मासिक प्रतिवेदन नबुझाए र ३ (तीन) महिना सम्म लगातार आमा समूहको बैठकमा सहभागी नभए स्वतः सेवा रद्द गरिनेछ ।

## परिच्छेद ६
## विविध

८. अन्य छुट विषय सम्बन्धि : यस कार्यविधिमा उल्लेख नभएका वा समावेस नभएका विषयका सम्बन्धमा जानकी गाउँपालिका गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

९. संसोधन : जानकी गाउँपालिका, गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संसोधन गर्न सकिनेछ ।

१०. निस्क्रिय : यो कार्यविधि कुनै कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।



CS CamScanner

# अनुसूची १
## दफा ५ (२) संग सम्बन्धित
## स्वयं सेविकाले पाउने सुविधा

| क्र.स. | क्रियाकलाप | वर्ष/ महिना /पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १. | स्वयंसेविका सम्मान जनक विदाई | २० वर्षभन्दा बढी अवधि सेवा गरेका | रु .५०,०००।०० | |
| | | २० वर्षभन्दा कम अवधि सेवा गरेका | प्रति वर्ष रु. २,०००।००. का दरले | |
| २. | मासिक बैठक, खोप एवम गाउँघर क्लिनिक र आमा समूहको बैठक संचालन तथा समुदाय भ्रमण यातायात खर्च | प्रति महिना | रु.१,०००।०० एकमुष्ठ | मासिक बैठक रु ४०० /- यातायात खर्च, खोप खाजा खर्च रु.२००।०० गाउँघर क्लिनिक खाजा खर्च रु.२००।०० आमा समूहको बैठक खाजा खर्च रु.२००।०० |
| ३. | अन्य सुविधा | | | गाउँपालिकाको निर्णय अनुसार |

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner